"Post-COVID Economic Revival"

नवउत्थान सम्मेलन

(बदलिंदो परिस्थितिमा तीब्र र दिगो आर्थिक वृद्धिको बहस)



२०७८ मंसीर २९

नेपाल उद्योग वाणिज्य महासंघ

काठमाडौं

विषयसूची

पृष्ठभूमि १
सन्दर्भ २
नवउत्थान सम्मेलनको उद्देश्य २
सम्मेलनमा समेटिएका विषयगत क्षेत्रहरू : २
उद्घाटन सत्र ३
१. तरलता व्यवस्थापन ४
२. लघु, घरेलु, साना तथा मझौला उद्योग व्यवसाय प्रवर्द्धनः ११
३. निर्यात प्रवर्द्धनः १५
४. पर्यटन क्षेत्र २०
५ मनोरञ्जन क्षेत्रः २२
नवउत्थान सम्मेलनको निष्कर्ष २६
अनुसूची २८

पृष्ठभूमि

वि. सं. २०७२ को भुकम्पका कारण ठूलो नोक्सानी व्यहोरेको नेपाली अर्थतन्त्रले त्यसपछिका तीन वर्ष उच्चदरको वृद्धिको लय समातेको थियो । तर भुकम्पपश्चात् ७.७६ प्रतिशतसम्म पुगेको आर्थिक वृद्धिको उच्च गति कोभिड-१९ महामारीका कारण सुस्ताएको छ । महामारीका कारण आर्थिक वर्ष २०७६/७७ मा वर्षौंपछि आर्थिक वृद्धिदर नकारात्मक (-२.०९ प्रतिशत) हुन पुग्यो भने कोभिड-१९ रोकथामका लागि विभिन्न समयमा लागु गरिएको बन्दाबन्दीका कारण आर्थिक वर्ष २०७७/७८ मा मात्र ४ प्रतिशतको वृद्धिको लक्ष्य लिइएको छ जसले आर्थिक पुनरुत्थान सुस्त गतिमा भैरहेको देखाउंछ ।

कोभिड-१९महामारीको संक्रमण नियन्त्रण गर्न घोषणा गरिएको बन्दाबन्दी तथा निषेधाज्ञाले नेपाली उद्यमका लागि ठूला चुनौति खडा गरे । उद्यमीहरुका अनुसार अवस्था सामान्य भएको खण्डमा पनि उद्यम व्यवसायलाई कोभिडपूर्वको स्थितिमा फर्कन करिब नौ महिना लाग्ने स्थिति छ । त्यस्तै नेपाल राष्ट्र बैंकको पछिल्लो सर्वेक्षण अनुसार उद्योग व्यवसायको उत्पादन तथा कारोबार औसतमा ७४.७ प्रतिशत रहेको छ । १३ प्रतिशत उद्यमहरू अझै पूर्णरूपमा सञ्चालनमा फर्कन सकेका छैनन् भने यो माहामारीको सबैभन्दा बढी प्रभाव लघु र साना उद्यमहरूमा परेको देखिएको छ ।

लामो समयको अनिश्चितता पछि बजारले विस्तारै लय लिंदै छ तर अर्थतन्त्र जुर्मुराउना साथ तरलताको समस्या उत्पन्न हुने प्रवृत्ति यसपटक पनि देखिएको छ । बजारमा तरलता अभावले ब्याजदर महंगिन थालेको छ भने उद्यमी व्यवसायीले चाहेको बेलामा अपेक्षित लगानी जुटाउन नसक्ने स्थिति सिर्जना हुदैछ । सरकारले लक्ष्यअनुरुप राजस्व उठाएको छ तर खर्च गर्न नसक्ने पुरानो रोग यसपालि पनि बल्झिएको छ । आर्थिक वर्षको पहिलो ५ महिना सकिंदासम्म पुँजीगत खर्च ६.२९ प्रतिशत मात्रै छ । निर्यात शतप्रतिशत बढेको छ तर आयातको मात्रा अत्याधिक बढी (निर्यात आयात अनुपात १:१०.९१) भएको हुँदा चालु आर्थिक वर्षको तीन महिनामा व्यापार घाटा ५८.२८ प्रतिशतले वृद्धि भएको छ ।

सन्दर्भ

नेपाल उद्योग वाणिज्य महासंघ FNCCIले आगामी दश वर्षको मुलुकको विकास र वृद्धिको खाका तयार पारेको छ । महासंघले तयार पारेको राष्ट्रिय आर्थिक रुपान्तरण NET-2030 भिजन पेपरमा महामारीकै समय र त्यसपछिको व्यवसायिक विकासको सम्भावना पहिल्याइएको छ । महासंघले सन् २०३० मा एक खर्ब डलरको अर्थतन्त्र, औपचारिक निजी क्षेत्रमा २२ लाख रोजगारी सृजना एवम् कुल गार्हस्थ उत्पादन र व्यापार घाटाबीचको अनुपात हालको भन्दा आधा कम गर्ने लक्ष्य लिएको छ ।

महामारीका कारण कमजोर भएको आर्थिक संरचनालाई पुनःगतिशील बनाउन तथा नवउत्थानका लागि विद्यमान आर्थिक वृद्धिका समस्या र अवरोध हटाउनका लागि सामूहिक सहमति एवं सहकार्यको आवश्यकता छ । नव उत्थानका लागि रणनीति तय गर्न तथा अर्थतन्त्रमा गति सिर्जना गर्न महासंघले यो सम्मेलनको आयोजना गरेको हो ।

कोभिड-१९ को महामारीले नेपालको विकासमा पारेको बहुआयामिक प्रभावलाई ध्यानमा राख्दै यस नवउत्थान सम्मेलनले नेपालको आर्थिक स्रोतहरूलाई दिगो रूपमा विस्तार गर्ने तौरतरिकाहरूको खोजका लागी नीति निर्माता (सरकार), निजी क्षेत्र (व्यवसाय, उद्योग र सेवा क्षेत्र), र विकास साझेदारहरूलगायत विभिन्न सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याएको छ । अर्थतन्त्र तथा व्यावसायिक क्षेत्रहरुको पुनरुत्थान सरकार वा निजी क्षेत्र एक्लैले गर्न सक्ने कार्य होइन, त्यसका लागि यी दुवैले बलियो सहकार्य र समन्वय गर्नु जरुरी छ । यसै परिप्रेक्षमा यो सम्मेलन आयोजना गरिएको हो ।

नवउत्थान सम्मेलनको उद्देश्य

यो सम्मेलनले अर्थतन्त्रलाई पुनरुत्थान गर्नका लागि सामुहिक सहमति र लक्ष्य निर्माण गर्न आवश्यक प्रमुख रणनीतिक क्षेत्रहरूको पहिचान र आवश्यक कार्यक्रमहरुको कार्यान्वयनका लागि सार्वजनिक, निजी र विकास साझेदारहरूका राय तथा सुझावका लागि विभिन्न प्रतिनिधिहरूलाई एकै ठाउँमा ल्याएको छ । यस सम्मेलनका उद्देश्यहरू निम्न रहेका छन्:

- अर्थतन्त्र र उद्यमहरूमा कोभिड-१९ को प्रभावको आँकलन गर्ने ।
- नेपालको व्यावसायिक वातावरण र आर्थिक वृद्धिको पुनर्स्थापनाका लागि वस्तुस्थितिमा आधारित नीतिगत सिफारिस र अन्य सुधारका उपायहरू स्पष्ट पार्ने र सुझाव दिने ।

सम्मेलनमा समेटिएका विषयगत क्षेत्रहरू :

१. तरलता व्यवस्थापन
२. लघु, घरेलु, साना तथा मझौला उद्यम (MSMEs) को विकास
३. निर्यात प्रवर्द्धन
४. पर्यटन एवं मनोरञ्जन क्षेत्रको प्रवर्द्धन

उद्घाटन सत्र

नवउत्थान सम्मेलनको उद्घाटन माननीय अर्थमन्त्री श्री जनार्दन शर्माले गर्नुभयो । मन्त्री शर्माले आफ्नो मन्तव्य राख्ने क्रममा कोभिड संकटले निम्त्याएको सबै संकटलाई परास्त गर्दै अगाडि बढ्ने प्रयत्न भैरहेको हुँदा अबको शर्त आर्थिक उत्थान मात्र भएकोले आर्थिक क्षेत्रमा ७० प्रतिशतको योगदान दिने निजी क्षेत्रको सुझावहरु पनि सोही अनुपातमा ग्रहण गरी सँगसँगै अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

परिवर्तित सन्दर्भमा प्रतिस्पर्धामा जान सक्ने क्षेत्र र आत्मनिर्भर बन्न सक्ने क्षेत्र पहिचान गरेर अगाडि बढ्नु पर्ने समय आएकोले यसको लागि आवश्यक विदेशी लगानी भित्र्याउन तथा वित्तीय संस्थाहरुलाई कर्जा लगानी गर्न सरकारी नीतिले समस्या पारेको छ भने त्यसलाई सच्याउंन सरकार तयार रहेको अर्थमन्त्री शर्माले जानकारी गराउनु भयो ।

विद्यमान तरलता अभाव समस्या व्यवस्थापन गर्न बजारलाई स्वतन्त्र छाड्ने कि नियमनकारी निकायले ध्यान पुर्याउने वा हस्तक्षेप गर्ने भन्ने सम्बन्धमा महासंघको सुझाव अनुसार आफू अघि बढ्ने उहाँको भनाइ थियो । उत्पादनमुखी अर्थतन्त्रको लागि उद्योगलाई आवश्यक उर्जालाई प्राथमिकतामा राखिने तथा विद्युत निर्यात गरेर भन्दा पनि स्वदेशी उद्योगहरुले अधिकतम खपत गरी उत्पादन बढाउने तथा व्यापार घाटा कम गर्नेतर्फ अबको योजना हुनुपर्नेमा उहाँले जोड दिनुभयो । उद्योगको विकासमा रोक लगाउने खालका विद्यमान नीति तथा कानुनमा संशोधन गरी सरल र सहज कानुन बनाउनेमा सरकार सचेत रहेको उल्लेख गर्दै यस सम्मेलनबाट प्राप्त सुझावले अर्थ मन्त्रालयलाईमार्गदर्शन गर्ने पनि उहाँले बताउनुभयो ।

*उदघाटन सत्रमा कार्यक्रमका सभापति एवं महासंघ अध्यक्ष शेखर गोल्छा, प्रमुख अतिथि माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा, अतिथि **ILO** नेपालका निर्देशक डा. रिचर्ड हवार्ड, महासंघका बरिष्ठ उपाध्यक्ष चन्द्र ढकाल, उपाध्यक्षहरु दिनेश श्रेष्ठ, अन्जन श्रेष्ठ, रामचन्द्र संघई, कोषाध्यक्ष सुकुन्तलाल हिराचन लगायत अतिथिहरु*



१. तरलता व्यवस्थापन

१.१. पृष्ठभूमि

बैंक तथा वित्तीय क्षेत्रमा तरलतालाई तुरुन्तै लगानीयोग्य पुँजीको रुपमा लिइन्छ । कुनै निक्षेपकर्ता वा ऋणीले मागेका बखत बैंकले सहज नगद निकाल्न सक्ने क्षमता बनाइराख्नुलाईसफल तरलता व्यवस्थापन मानिन्छ । समग्र बैंकिङ्ग प्रणालीमा वित्तीय सम्पत्ति सहजै खर्चयोग्य रकममा रुपान्तरण गर्न सकिने अवस्थानै बजारको तरलता हो ।

१.२. अधिक तरलताः

बैंकिङ्ग प्रणालीमा अधिक तरलता हुँदा निक्षेप मात्र बढ्ने तर कर्जा नबढ्ने हुन्छ । यसले गर्दा बैंकहरुको व्याज खर्च बढी हुने तथा मुनाफामा नै प्रभाव पार्ने हुन्छ । फलस्वरुप बैंकहरुले निक्षेपको व्याजदर घटाउन थाल्दछन् र निक्षेपकर्ताहरु प्रभावित भई आफ्नो निक्षेप निकालेर अन्यत्र लगानी गर्न थाल्छन् । कर्जाको पनि व्याजदर घट्छ तर लगानीयोग्य वातावरण नहुँदा कर्जाको माग कम हुन जान्छ र बैंकहरुमा अधिक तरलता देखिन जान्छ ।

१.३. न्यून तरलताः

बजारको माग वमोजिम लगानी गर्न बैंकहरुमा नगद अभाव हुन्छ र न्यून तरलताको अवस्था सिर्जना हुन्छ । यसको कारण निक्षेपको व्याज अत्याधिक रुपमा बढ्न जान्छ । निक्षेपमा दिने व्याज खर्च उठाउन कर्जाको पनि ब्याजदर बढ्न थाल्छ जसले गर्दा कर्जा लिएर लगानी गर्ने उद्योग व्यवसायहरु प्रभावित हुन्छन् ।

तरलता घटबढ हुँदा देशको अर्थतन्त्रमा समेत प्रभाव पर्न जान्छ । तरलता, ब्याजदर र मुद्रास्फीतिको अन्तरसम्बन्धले देशको अर्थतन्त्रमा प्रत्यक्ष असर पार्छ । बजारमा तरलताको अवस्था न्यून वा अधिक

भएको बखत त्यसलाई व्यवस्थापन गर्न बैंकिङ क्षेत्रको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकको मुख्य भूमिका रहन्छ। राष्ट्र बैंकले विभिन्न वित्तीय उपकरणमार्फत बजारमा तरलता व्यवस्थापन गरी देशको अर्थतन्त्र गतिशील बनाइराख्नु पर्ने हुन्छ।

पहिलो सत्रमा महासंघका उपाध्यक्ष अन्जन श्रेष्ठले तरलताको अवस्था र यसले निजी क्षेत्रलाई पारेको प्रभाव एवं सुधारका उपाय प्रस्तुत गर्नुभएको थियो। सत्रका अन्य वक्ताहरुमा नेपाल राष्ट बैंकका डेपुटि गभर्नर निलम ढुंगाना, नेपाल बैंकर्स संघका अध्यक्ष अनिल उपाध्याय हुनुहुन्थ्यो।

१.४. व्याजदरमा तरलताको प्रभाव

तरलता र ब्याजदरवीच नजिकको तर विपरित सम्बन्ध हुन्छ। अधिक तरलताले ब्याजदरमा कमी ल्याउँछ भने न्यून तरलतामा व्याजदर बढ्छ।ब्याजदर वृद्धिले मानिसहरुलाई बचत गर्न प्रोत्साहित गर्दछ। बचतलेबैंकिङ्ग प्रणालीमा लगानीयोग्य रकम वृद्धि हुन्छ र यससँगै कर्जाको पनि ब्याजदर वृद्धि हुन्छ। महँगो कर्जाको कारण उद्योगमा वस्तु तथा सेवाको उत्पादन लागत वृद्धि हुन्छ जसको परिणामस्वरुप मूल्य वृद्धि हुन जान्छ। धेरै सस्तो वा महँगो ब्याजदर अर्थतन्त्रका लागि हितकर मानिंदैन र यस्तो ब्याजदर दीगो रहन पनि सक्दैन।

१.५. तरलताको वर्तमान अवस्था

चालु आ.व. २०७८।७९ को शुरुवातसँगै बजारमा तरलता अभावको अवस्था सिर्जना भएको छ। बैंक तथा वित्तीय संस्थाहरुले कार्तिक महिनाको शुरुमा जारी गरेको सूचनाअनुसार मुद्दति निक्षेपको ब्याजदर ११.६७ प्रतिशतसम्म पुगेको थियो।

हरुको आधार दर २०७८ कार्तिकमा ७.८२ प्रतिशत पुगेको छ । २०७७कार्तिकमा ०.१६ प्रतिशत रहेको अन्तरबैंक व्याजदर हाल ४.९६ प्रतिशत पुगेको छ । बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो कुल निक्षेपको तीन प्रतिशत रकम सीआरआर वापत अनिवार्य नगद मौज्दात राख्नुपर्ने प्रावधान रहेको छ ।

राष्ट्र बैंकका अनुसार अहिले नौ वटा वाणिज्य बैंकहरुको सीडी रेसियो ९० प्रतिशतभन्दा बढी देखिएको छ भने १६ वटा वाणिज्य बैंकहरुको सीडी रेसियो ८५ प्रतिशतभन्दा माथि छ । मंसिर २६ गतेको राष्ट्र बैंकको तथ्यांकअनुसार बैंकहरुको औसत सीडी रेसियो ९१.२४ प्रतिशत थियो । अहिले बजारमा तरलता रु. २१ अर्ब ४८ करोड छ भने बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेप रु. ४७ खर्ब ९२ अर्ब र कर्जा परिचालन रु. ४५ खर्ब ९१ अर्ब रहेको छ ।

२०७८ साउन १ गते आधार दरमा कर्जा जारी गर्नलाई अनुमति मागेका बैंकहरुले ९५ दिनको अन्तरालमै व्याजदरलाई दुई अंकमाथि पुऱ्याएका छन् । २०७८ कार्तिक २ गते राष्ट्र बैंकले जारी गरेको निर्देशनमा अस्वस्थरुपमा बढाइएको निक्षेप व्याजदर नियन्त्रण गर्ने प्रयास गर्दै बैंकहरुले अघिल्लो महिना प्रकाशित व्याजदरमा बढीमा १० प्रतिशतका दरले मात्रै परिवर्तन गर्न सक्ने प्रावधान राखिएको छ ।

१.६. बजारमा तरलता अभाव हुनुको मुख्य कारणहरु :

क) संघीय, प्रदेश र स्थानीय सरकारले पूँजीगत खर्च गर्न नसक्दा ठूलो धनराशी सरकारी ढुकुटीमै थन्किएको छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार मंसिर २५ गतेसम्म पूँजीगत खर्च ६.१३ प्रतिशतमात्रै छ भने चालु आ.व.को पाँच महिना सकिनै लाग्दासम्म चालु खर्च ३० प्रतिशत मात्र छ ।

ख) आयात गर्दा दिइने विभिन्न खाले कर्जामा अत्यधिक रकम प्रवाह भएको छ । यो आ.व.को पहिलो चार महिनामा गत वर्षको तुलनामा औसत ६१.६ प्रतिशतले आयात बढेको छ । चालु आर्थिक वर्षको पहिलो चार महिनामा १.३ प्रतिशतले निक्षेप बढेको छ भने कर्जा प्रवाह ५.७ प्रतिशतलेबृद्धि भएको छ ।

ग) बैंक वित्तीय संस्थाहरुका अनुसार कर्जा निक्षेप अनुपातमा चालु आर्थिक वर्षको मौद्रिक नीतिमा भएको परिवर्तन पनि तरलता अभावको एउटा कारण हो । नीतिले सिसिडि रेसियोको व्यवस्था हटाइ कर्जा र निक्षेप अनुपात ९० प्रतिशत कायम गरेको छ । यसले तरलतामा चाप परेको छ ।

घ) रेमिट्यान्स आप्रवाह बढेको छैन । २०७८ कार्तिकसम्ममा रेमिट्यान्स आप्रवाहमा७.५ प्रतिशतले कमी आई रु. ३१२ अर्ब ४३ करोडमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ११.२ प्रतिशतले बढेको थियो । यसले हुण्डी कारोबार फस्टाएको र सो रकम सुन चाँदीलगायतको आयातमा प्रयोग भइरहेको हुनसक्ने जानकारहरु वताउँछन् । गत वर्ष ३१.३ प्रतिशतले बढेको सुन आयात यस वर्ष ३०८.५ प्रतिशतले वृद्धि भएको छ ।

ङ) बचतको न्यूनतम ब्याजदर र मुद्दतिको ब्याजदरमा ५ प्रतिशतभन्दा बढी अन्तर हुन नहुने राष्ट्र बैंकको निर्देशनले बैंक तथा वित्तीय संस्थाहरुमा प्रभाव पारेको छ । साथै संस्थागत बचतको ब्याजदर खुल्लारुपमा बोलकबोल गर्ने व्यवस्थाले बैंकहरुबीच अस्वस्थ प्रतिस्पर्धा बढाएको छ ।

१.७. तरलता अभाव र बढ्दो ब्याजदरले पार्ने प्रभाव

क) कोभिडको असर कम हुदै जाँदा अर्थतन्त्र तंग्रिने सम्भावना छ । पेट्रोलियमको आयात १४० प्रतिशतले बढ्नु अर्थतन्त्रमा सुधार हुँदै गएको संकेत हो । गाडी आयात ११५ प्रतिशतले बढेको छ । अर्थतन्त्र चलायमान हुँदैछ । तर कर्जाको ब्याजदर महँगो हुँदै गयो भने यसले उत्पादन र उपभोग दुवै घटाउँछ जसले सरकारले लिएको ७ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न चुनौति सिर्जना हुन्छ ।

ख) सरकारले विकास खर्च गर्न नसक्ने र ब्याजदरका कारण निजी क्षेत्रको पनि लगानी निरुत्साहित हुने हुँदा सामाजिक क्षेत्रमा पनि नकारात्मक असर पर्नेछ । पछिल्लो दुई वर्षमा कोभिडका कारण १२ लाख मानिस गरिबीको रेखामुनी धकेलिएका छन् ।स्वास्थ्य र शिक्षामा समेत यसको नकारात्मक असर पर्नेछ ।

ग) शेयर बजारमा करिब ४४ लाख मानिस जोडिएका छन । कोभिड महामारीको समयमा पनि शेयर बजारबाट आम्दानी गर्ने लाखौं व्यक्तिहरु छन् । अब कर्जा महंगो हुने र निक्षेपमा बढी ब्याज पाइने अवस्था भएमा शेयर बजारमा नकारात्मक असर पर्न सक्छ । मूलतः तीन महिनायता महंगो हुदै गएको कर्जाका कारण भदौ पहिलो साता ३ हजार २ सय अंक माथि पुगेको नेप्से परिसूचक मंसीर २६ गते २ हजार ३ सय भन्दा तल झरेको छ ।

घ) कोभिडबाट प्रभावित पर्यटन, साना तथा मझौला उद्यमको पुनरोत्थान पहिले भन्दा कठिन हुने देखिन्छ । गत आर्थिक वर्षमा अर्थतन्त्र एउटा त्रैमासिकमा मात्र पूर्णरुपमा चलायमान हुन पाएको थियो । सस्तो ब्याजदरले गत वर्ष अर्थतन्त्रको वृद्धिदर ऋणात्मक हुनबाट जोगिएको थियो । तर महामारीबाट अति प्रभावित उद्योगहरु तरलता अभाव र बढ्दो ब्याजदरबाट थप प्रभावित हुनेछन् ।

ङ) अत्यधिक आयात देखाएर सरकारले पैठारी निरुत्साहित गर्ने सम्भावना रहेकाले व्यापार पनि सहज हुनेछैन । महंगी बढ्न गई सर्वसाधारणको क्रयशक्ति क्षय हुन जानेछ ।

१.८. तरलता सुधारका उपायका लागि सम्मेलनको निष्कर्ष

क) तिनै तहका सरकारले खर्च बढाउनुपर्छ । अझै पनि बजारमा तरतलाको मुख्य स्रोत सरकारी ढुकुटी नै भएकाले प्रधानमन्त्री तहमा सबै मन्त्रालयका अधिकारी सम्मिलित छलफल गरि खर्च बढाउन शुरु गर्नुपर्छ ।

खर्च वढाउने उपाय

- कर्मचारीको सरुवा एकदमै चाडो चाँडो हुँदासम्बन्धित क्षेत्रको अवस्था बुझ्नै समय लाग्ने देखिएको छ । ज्याला र वृत्ति विकासलाई उत्पादकत्वसँग जोडन सकिएको छैन । वढुवाका लागि परीक्षाको व्यवस्था गर्दा धेरै कर्मचारी पढनमै व्यस्त हुने अवस्था छ ।
- योजना आयोग र प्रधानमन्त्री कार्यालयमा अनुगमन इकाइ राखिएको छ । त्यसलाई प्रभावकारी बनाउनुपर्छ ।
- सार्वजनिक खरिद ऐनका प्रावधानका कारण कर्मचारीले निर्णय गर्नमा समस्या देखिएको छ ।
- बजेट कार्यान्वयनका लागि सचिव र आयोजना प्रमुखबीच सम्झौता गर्ने गरिएको थियो । त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेन ।
- निर्माण व्यवसायीसँग छलफल गरेर समस्या फुकाउन प्रयास गर्नुपर्छ ।
- अनावश्यक ठाउमा बजेट विनियोजन गर्ने काम वन्द गर्नुपर्छ ।

२. अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, उद्योग बाणिज्य महासंघ र बैंकर्स संघका पदाधिकारी सम्मिलित छलफल आयोजना गर्नुपर्छ । ब्याजदर बढनुको औचित्य पुष्टि गर्नुपर्छ र यदि अस्वभाविक रुपमा ब्याजदर बढेको छ भने त्यसको नियन्त्रणका लागि केन्द्रीय बैंकले पहल गर्नुपर्छ ।

३. सेना, प्रहरी एवं सरकारका विभिन्न कोष, विमा कम्पनीहरुको रकम, ठूला संस्थाहरु जोसँग अत्यधिक तरल रकम रहने गरेको छ । तिनको पैसा उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्ने गरि नीतिगत व्यवस्था गरिनुपर्छ । ठूलो रकम कोषमा यत्तिकै बस्दा र त्यो ब्याज आम्दानीको माध्यममात्र वन्दा बजारमा ब्याजदरमा प्रभाव समेत पर्ने गरेको छ ।

४. रेमिट्यान्सको रकम बैंकिङ्ग माध्यमबाट आउन प्रोत्साहित गरिएको एक प्रतिशत थप ब्याज दिने व्यवस्थाको प्रचारप्रसार हुन सकेको छैन । त्यसको थप प्रचारप्रसार गर्नुपर्छ र सकिन्छ भने रेमिट्यान्स प्रवाहको आधारमा निर्यातमा प्राप्त सहुलियत सरह केहि समयका लागि नगद

प्रोत्साहन गर्न सकिन्छ । रेमिट्यान्स पठाउने युवाहरुलाई कर्जामा सहुलियत दिने व्यवस्था गर्न सकिन्छ ।

५. कृषि, उत्पादनमूलकलगायत क्षेत्रमा पुनर्कर्जाको सीमा बढाउनु र प्रक्रिया सरल गर्नु आवश्यक छ । उत्पादनमूलक क्षेत्रका नाममा कर्जा लिएर अन्यत्र प्रयोग समेत बढन थालेकोले बैंक तथा वित्तीय संस्था र नियामक निकायले त्यसलाई निरुत्साहित गर्न सक्रियता बढाउनुपर्छ ।

६. अहिले विलासिताका वस्तुहरुको परिभाषा परिवर्तन भइसकेकाले यदि आयातमा कडाइ गर्ने हो भने निजी क्षेत्रसँग छलफल गरेर सिमित अवधिका लागि केहि वस्तुमा कडाइ गर्न सकिन्छ । साथै स्वदेशमा उत्पादन हुने उच्च मूल्य अभिवृद्धिको सम्भावना भएका वस्तुलाई क्रमशः कडाइ गर्दै जानु उपयुक्त हुन्छ ।

७. लामो समयआयातमा कडाइ गर्नु दीर्घकालीन सुधारको उपाय होइन ।त्यसले मूल्य मात्रै बढाउँछ । मुलुकले नै पैसा कमाउन सक्ने वातावरण बन्नुपर्छ ।

वाह्य क्षेत्र सन्तुलनका उपाय

- निर्यातमा दिइँदै आएको सहुलियतलाई झन्झटमुक्त बनाइ यसको रकम बढाउनुपर्छ ।
- सन् २०१६ को एनटिआइएसले सुझाएका तुलनात्मक लाभका वस्तुकै निर्यात त्यसपछि निराशाजनक रह्यो । अहिले यसलाई सुधार गर्ने कुरा भइरहेको छ । त्यसमा निजी क्षेत्रले नेतृत्व लिनुपर्छ र नीति पनि सरल भाषामा कार्यान्वययोग्य बनाउनुपर्छ ।
- अतिकम विकसित मुलुकबाट स्तरोन्नतिका लागि हतार गरियो । त्यसबाट सिर्जना हुने प्रतिकुल प्रभावसँग जुध्नका लागि निजी क्षेत्र र विशेषगरि महासंघको नेतृत्वमा रणनीति बनाउनुपर्छ ।
- पर्यटक आवागमन सजिलो बनाउन सिसिएमसीको फर्म भर्ने प्रक्रिया सहज बनाउनुपर्छ । एयरपोर्ट व्यवस्थापन र अध्यागमनमा सुधार आवश्यक छ ।
- नेपालमा पर्यटन सेवाका क्षेत्रमा प्रायः खोप लगाइसकिएको छ । त्यसको अन्तरराष्ट्रिस्तरमा प्रचारप्रसार आवश्यक छ । त्यसका लागि विदेशस्थित नेपाली दूतावासलाई परिचालन गर्न ढीला गर्नुहँदैन ।
- योग, ध्यान, जंगल सफारी, पर्वतारोहण, धार्मिक पर्यटन लगायतका प्रिमियम क्षेत्रका लागि कोभिड प्रोटोकल मिल्ने गरि विशेष खालको प्याकेज बनाउनुपर्छ ।
- डेस्टिनेशन वेडिङ, दक्षिण एसियाको तटस्थ सम्मेलन केन्द्र तथा स्वास्थ्य पर्यटन आदिको प्रवर्द्धन र विकासबाट तत्काल लाभ लिन सकिन्छ ।
- वैदेशिक रोजगारीलाई झन्झटमुक्त बनाउनुपर्छ । एक दिनमै कम शुल्कमा पासपोर्ट उपलब्ध गराउनुपर्छ । वैदेशिक रोजगारीमा जान चाहनेका लागि खोप तयारी अवस्थामा राखि तत्काल प्रमाणपत्र दिने व्यवस्था गर्नुपर्छ ।
- स्थानीय तहमा उत्पादन वृद्धि र रोजगारी बढाउने तालिम र सहुलियत कर्जामा विशेष कार्यक्रम ल्याउनुपर्छ ।
- वैदेशिक लगानीका लागि फास्ट ट्र्याक सुविधा दिइनुपर्छ । अनलाइनबाटै आवेदन दिने र अनुमति दिने व्यवस्था गर्नुपर्छ ।

छ) नेपाल उद्योग वाणिज्य महासंघले तरलता वा लगानीको माग प्रक्षेपण गर्ने पद्धतिको बिकास गर्न सक्छ । यसले बैंकहरुलाई त्यसअनुसारको तरलता व्यवस्थापन गर्न सहज हुन्छ ।

ज) बैंक तथा वित्तीय संस्थाको मध्यावधी समीक्षा हुनुपर्छ । वर्षान्तमा मात्र गर्दा कतिपय चुनौतिको पहिचान गर्न ढिला भएको छ ।

झ) वैदेशिक ऋण र अनुदान भित्र्याउन सरकारले प्रयास गर्नुपर्छ । मुलुकको रेटिग गरेर बैंक र निजी क्षेत्रले समेत विदेशबाट रकम ल्याउन सक्ने व्यवस्था गरिनुपर्छ ।

ञ) अनुत्पादक क्षेत्रमा कर्जाको उच्च वृद्धि रोक्नुपर्छ र उत्पादनशील क्षेत्रमा पुनर्कर्जा बढाउनुपर्छ ।

ट) बैंक तथा वित्तीय संस्था भन्दा बाहिर भएको तरलता प्रणालीमा ल्याउन रणनीति बनाउनुपर्छ । ऋणपत्र जारि गर्ने प्रक्रियालाई वढावा दिइनुपर्छ ।

फेसबुक लाइभमार्फत अर्को हलमा उपस्थित सम्मेलनका सहभागीहरु

२. लघु, घरेलु, साना तथा मझौला उद्योग व्यवसाय प्रवर्द्धन :

२.१ पृष्ठभूमि :

अर्थतन्त्रमा २२ प्रतिशत योगदान पुऱ्याइरहेका लघु घरेलु साना तथा मझौला उद्यमले करिब २३ लाखलाई रोजगारी दिएका छन । आर्थिक गणना २०१८ अनुसार ९९ प्रतिशत लघु घरेलु, साना तथा मझौला व्यवसाय छन् । जसमा आधा व्यवसाय अनौपचारिक क्षेत्रमा छन् । कोभिड १९ को प्रभाव मूलतः लघु, घरेलु साना र त्यसमा पनि अनौपचारिक रुपमा संचालित व्यवसायमा बढी परेको छ ।

लघु, घरेल, साना तथा मझौला उद्यम बिकास सत्रमा महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त सत्रमा उद्योग सचिव अर्जुन पोखरेल, उद्यमी श्याम वदन श्रेष्ठले आ आफ्नो धारणा राख्नुभएको थियो ।

२.२ चुनौतिहरु :

क) पूँजीको अभाव (Lack of Access to Finance):

कोभिड-१९ महामारीको अवधिमा लघु, घरेलु तथा साना उद्योगले भोगका प्रमुख समस्यामा भाडा, कर्मचारीहरुको तलब र ब्याज जस्ता खर्चहरुको लागि कार्य पूँजीको अभाव रहेका छन् ।

ख) दक्ष कामदारको कमी (Lack of Skilled Manpower):

लघु, घरेलु तथा साना उद्योगका केही क्षेत्रहरुमा आवश्यक सीप भएका कमदारहरुको कमी अझै पनि ठूलो समस्याको रुपमा रहेको छ । सार्वजनिकरुपमा सरकारद्वारा संचालित प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले उत्पादन गर्ने जनशक्ति तथा उद्योगका लागि आवश्यक कामदारका विचमा ठूलो अन्तर रहेको छ । उद्योगहरु संचालन गर्न सीप विकासका लागि तालिम केन्द्रहरुको अभाव रहेको छ जसले गर्दा उद्यमी तथा कामदारहरुमा सीप तथा क्षमताको कमी रहेको पाईन्छ । पूर्णरुपमा आयातमा निर्भर देश भएका कारण नेपालका

स्थानीय उद्यमीहरु र उत्पादकहरुले उचित परामर्श, प्रशिक्षण र प्रतिस्पर्धी लाभविना अन्तर्राष्ट्रिय आयातसँग प्रतिस्पर्धा गर्न सक्दैनन् ।

ग) कानूनी रुपमा दर्ता नहुनु (No legal registration):

नेपालमा लघु, घरेलु तथा साना उद्योगको प्रमुख चुनौती भनेको तिनीहरु कानूनी रुपमा दर्ता नहुनु हो । अहिले पनि ठूलो संख्यामा त्यस्ता उद्यमहरु अनौपचारिक रुपमा सञ्चालनमा छन् । यही कारण MSMEs ले कोभिड महामारीबाट भोग्नुपरेको आर्थिक क्षतिको वास्तविक तथ्यांक आउन सकेको छैन । कानूनीरुपमा दर्ता नहुँदा यस्ता लघु, घरेलु तथा साना उद्योगको सही तथ्याङ्क सरकारसँग छैन जसका कारण सरकारले प्रदान गर्ने विभिन्न राहत तथा छुटको प्रभावकारी वितरण र त्यस्ता कार्यक्रमको सञ्चार तथा संचालनमा कठिनाई उत्पन्न हुने गरेको पाईन्छ ।

घ) कमजोर आपूर्तिश्रृंखला (Weak supply chain):

नेपालमा लघु, घरेलु तथा साना उद्योगको वृद्धिलाई असर गर्ने अर्को चुनौती भनेको कमजोर आपूर्ति श्रृंखला हो किनभने स्थानीय उद्योगहरु कच्चा पदार्थ तथा केही मात्रामा श्रमिकहरुका लागि भारतमा निर्भर रहनु परेको छ । देशव्यापी बन्दाबन्दीका कारण कच्चा पदार्थ आपूर्तिमा आएको समस्याले झन् ठूलो नोक्सानी व्यहोर्नु पर्ने अवस्था सिर्जना भयो ।

ङ) भौतिक पूर्वाधारको कमी (Lack of infrastructure):

नेपालमा सडक तथा यातायातका पूर्वाधारको कमी रहेका कारण मुख्यत: ग्रामीण क्षेत्रहरुमा लघु, घरेलु तथा साना उद्योगको स्थापना तथा संचालन चुनौतीपूर्ण रहेको छ । ग्रामीण क्षेत्रका धेरैजसो व्यवसाय कृषिमा आधारित छन् र त्यहाँ उच्च रोजगारीको अवसर सिर्जना गरेका छन् । ग्रामीण क्षेत्रहरुमा लघु, घरेलु तथा साना उद्योगको विकास, उद्यमशीलता विकास र निजी क्षेत्रको सहभागिता वृद्धि गर्ने वातावरण निर्माण गर्न प्रदेश सरकार तथा स्थानीय निकायको क्षमता विकास गर्नु महत्वपूर्ण छ ।

२.३ नवउत्थानका लागि अपनाउनु पर्नेउपायहरु:

लघु, घरेलु तथा साना उद्योग विकासका लागि एक नयाँ योजना बनाउनुपर्छ । यसले उत्पादकत्व र प्रतिस्पर्धा बढाउने साथै देशमा लघु, घरेलु तथा साना उद्योग र उनीहरुको सामूहिक क्षमता वृद्धि गर्नेछ । भारतमा MSME–DO भन्ने एउटा निकाय छ, जसले त्यहाँको मन्त्रालयलाई लघु, घरेलु तथा साना उद्योगमैत्री नीतिहरु बनाउन, समन्वय गर्न साथै कार्यान्वयन र अनुगमन गर्न मद्धत गर्दछ । नेपालमा पनि सम्बन्धित मन्त्रालयहरुसँग समन्वय

गरी भारतमा जस्तै विकास केन्द्र स्थापना गर्न सकिन्छ । यसअन्तर्गत निम्न काम तत्काल गर्नु आवश्यक छ:

- कम्तिमा ५ वर्षका लागि सहुलियत दरमा कर्जा एवम् पुनरकर्जाको व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयनमा लैजानु पर्ने,
- साना उद्यम व्यवसाय दर्ता गर्दा हुने प्रशासनिक एवम् प्रक्रियागत झण्झटको सहजताका लागि एकद्वार प्रणालीबाट दर्ता गर्ने व्यवस्था हुनुपर्ने,
- एउटा स्थानीय तहबाट अर्कोमा जाँदा लाग्दै आएको तथाकथित निकासी कर लिनेलाई कारवाही हुनुपर्ने
- SMEsको विकास, विस्तार एवम् प्रवर्द्धनका लागि छुट्टै निकाय गठन गर्नुपर्ने,
- विद्युत, पानी महसूल एवम् राजश्व (भन्सार, आयकर) मा छुट दिनुपर्ने,
- इ-कमर्श प्ल्याटफर्ममा जोडिन सहुलियत दिनुपर्ने,
- जग्गा महँगिएका कारण सम्भाव्यठाउँमापालिकास्तरको औद्योगिक क्षेत्रको स्थापना गर्ने । यस्तो क्षेत्रको भाडा सस्तो हुनुपर्ने,
- सरकारले स्वदेशी उत्पादन खरीद गर्ने नीति कडाइका साथ कार्यान्वयन गर्नुपर्ने,
- प्रदेश तहमा कम्पनी रजिस्ट्रारको कार्यालयस्थापना गरिनुपर्ने,
- नगद अनुदान बढाउनुपर्ने । यस्तो अनुदान दुरुपयोग गर्ने व्यक्ति फर्म वा कम्पनीलाई कारवाही हुनुपर्ने,
- कच्चा पदार्थ र सहायक कच्चा पदार्थ आयातका लागि भन्सारले दिएको सुविधा कार्यान्वयन हुनुपर्ने,
- लघु, घरेलु उद्योगको बीमा गर्दा लाग्ने प्रिमियममा ५० प्रतिशत छुट दिनुपर्ने,
- अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न बस्तु अनुसारको बजार पहिल्यानुपर्ने,
- उस्तै प्रकृतिका ठूला र साना उद्योगहरुको विचमा सम्पर्क स्थापना गर्नुपर्ने,
- उद्यमीहरुबाट उत्पादित वस्तुहरुको बजार प्रवर्द्धनका लागिठाउँठाउँमा हस्तकला ग्राम, औद्योगिक ग्राम, कोशेली घर, सौगात गृह जस्ता विक्री कक्षहरु स्थापना गर्ने,
- साना उद्यमीहरुलाई अध्ययन अवलोकन भ्रमणका लागि सहयोग र समन्वय गरिदिनुपर्ने,
- Online Marketing / Digital Marketing / E-commerceको माध्यमबाट बजार विस्तारमा सघाउनु पर्ने,
- अनौपचारिकरुपमा सञ्चालनमा रहेका उद्यमहरुलाई दर्ता गर्दा हुने लाभ तथा अन्य पक्षहरुको बारेमा जानकारी दिन सचेतना अभियान चलाउने,
- निजीक्षेत्रसँग सम्बन्धित कानुनहरु संसदको चालु अधिवेशनबाटै पारित गर्नुपर्ने,
- कृषि कर्जा किसानबाहेक अरुलाई नदिने,

- लघु, घरेलु तथा साना उद्यम कर्जाको कार्यक्रम ल्याउनु पर्ने,
- व्यवसाय निरन्तरता कर्जाको अवधि ३ वर्षबाट ५ वर्ष बनाउनु पर्ने,

नगद प्रोत्साहनः

अति प्रभावित लघु, घरेलु तथा साना उद्योग र स्टार्टअपहरुलाई नगद प्रोत्साहन प्रदान गर्ने हो भने छोटो समयका लागि उनीहरुका चुनौतीलाई सम्बोधन गर्न मद्दत गर्छ । यो प्रावधानले कम्पनीहरुको लागि छोटो अवधिका लागि तरलता सिर्जना गर्न पनि सहयोग गर्दछ ।

व्यवसाय बीमाः

लघु, घरेलु तथा साना उद्योग र स्टार्टअपहरुलाई सजिलो व्यवसाय बीमा प्रदान गरी प्राकृतिक प्रकोप, आगलागी वा चोरीजस्ता घटनाहरुको लागि जोखिम व्यवस्थापन रणनीति बनाउन र छोटो अवधिको तरलता सिर्जना गर्न मद्दत गर्दछ । यस्ता पहलका लागि एक अलग स्टार्टअप कोषको व्यवस्थापन गर्न सकिन्छ ।

वित्तीय साक्षरताका कार्यक्रमः

बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिनका लागि आवश्यक व्यवसायिक योजना, कागजात, बैंकको व्याज घटबढ हुने संस्थागत प्रक्रिया, आवश्यक मापदण्ड, कार्यविधिलगायत जानकारी प्रदान गर्न वित्तीय साक्षरताका कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ ।

व्यावसायिक योजनाको आधारमा कर्जा प्रवाहः

बैंक तथा वित्तीय संस्थाहरुले विनाधितो कर्जा प्रवाह नगर्ने र सबै साना उद्यमीसँग धितो नहुने भएकोले व्यवसायिक योजनाको आधारमा कर्जा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्छ ।

३. निर्यात प्रवर्द्धनः

३.१. भूमिका

विगत तीन दशकको अन्तराष्ट्रिय व्यापारको अवस्था कहाली लाग्दो देखिन्छ । निर्यात प्रवर्द्धनमा सरकारले विभिन्न समयमा रणनीति निर्माण गरे तापनि निकासीमा आशातीत वृद्धि हुन सकेको छैन । बढ्दो आयातको तुलनामा निकासीमा भएको नगण्य वृद्धि अथवा स्थीर अवस्थाका कारण वर्षेनी व्यापार घाटा चुलिंदै गएको छ । यसबाट अर्थतन्त्रमा जटिलता र चुनौती थपिएको छ । गत आर्थिक वर्षको अन्तराष्ट्रिय व्यापार तथ्याङ्कलाई हेर्ने हो भने कूल रु. १६ खर्ब ८१ अर्बको वस्तु व्यापारमध्ये रु. १ खर्ब ४१ अर्बको निर्यात र रु. १५ खर्ब ४० अर्बको आयात भै कूल रु. १३ खर्ब ९९ अर्ब व्यापार घाटा भएको देखिन्छ । नेपालको विगत तीन दशकको आयात निर्यातको स्थिति निम्न चित्रबाट बुझ्न सकिन्छ ।



देशको निर्यात व्यवसायमा अभिवृद्धि गरी व्यापार घाटा कम गर्दै शोधनान्तर स्थितिमा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारले व्यवस्था गरेको नगद प्रोत्साहन सुविधा हालसम्म पनि सहजरुपमा कार्यान्वयन हुन नसकेको र लक्षित निर्यातजन्य उद्योगहरु उक्त सुविधाबाट लाभान्वित हुन नसकेको अवस्था छ ।

सामुद्रिक बन्दरगाहको अभाव, चर्को बैंक ब्याजदर, उद्योगलाई चाहिने आवश्यक कच्चा पदार्थका लागि आयातमा भर पर्नुपर्ने वाध्यता आदिका कारण एवम् तयारी मालवस्तुको निर्यातका क्रममा लाग्ने ढुवानी भाडाका कारण श्रृजित उत्पादन लागतले गर्दा छिमेकी मुलुकको तुलनामा नेपालमा उत्पादित वस्तुको लागत करिब २५ प्रतिशत भन्दा बढी रहेको छ । हाल कोभिड-१९ का कारण ढुवानी खर्च बढेको कारण उत्पादन लागत बढने भएकोले यस्तो अवस्थामा नेपाली उद्यमीले अन्य मुलुकका उत्पादनसँग प्रतिस्पर्धा गर्न निकै कठिन हुने भएको छ । कोभिड-१९ का कारण नेपालको अन्तर्राष्ट्रिय बजार (यूरोपियन यूनियन, अमेरिका, अष्ट्रेलिया, क्यानडा, जापान आदि) नराम्रोसँग प्रभावित भएको छ जसका कारण आर्थिक वर्ष २०७६/७७ मा भट्मास र फेल्टबाहेक अन्य सबै वस्तुहरुको निर्यात घटेको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघले Vision paper–National Economic Transformation (NET) 2030तयार गरेको र उक्त भिजन पेपरले हाल विद्यमान GDPव्यापार घाटा अनुपात करिब ५० प्रतिशतले कम गर्ने लक्ष्य लिएको छ । यसका लागि निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन रणनीति Nepal's Graduation from LDC's Status: A private Sector Perspectiveतयार भएको छ ।

निर्यात प्रवर्द्धन सत्रमा अर्का उपाध्यक्ष रामचन्द्र संघाइले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने अतिथि वक्ताको रुपमा बाणिज्य सचिव दिनेश भट्टराइ र निर्यातकर्ता सुनिता श्रेष्ठ सहभागि हुनुहुन्थ्यो ।

३.२ समस्या र चुनौतीहरुः

उच्च उत्पादन लागत, उत्पादन क्षेत्रको संकुचन र अन्तर्राष्ट्रिय बजारमा कम पहुँच आदि नेपालको निर्यात व्यापारमा देखिएका समस्या हुन् । अन्यमुख्य समस्याहरु यसप्रकार छन्:

क) **निराशाजन औद्योगिक उत्पादन :** दुई दशकअघि कुल गार्हस्थ उत्पादनमा करिब १० प्रतिशत रहेको औद्योगिक उत्पादनको हिस्सा आ.व. २०७७।७८ सम्म आईपुग्दा करिब ५ प्रतिशतमा झरेको छ ।

ख) **निर्यातजन्य वस्तुहरुको विविधीकरणको अभावः** दुई दशकअघि नेपालबाट जुन वस्तुहरु निर्यात भईरहेका थिए अहिले पनि ती सिमित वस्तुहरु नै निर्यात भईरहेका छन् । निर्यातजन्य

उत्पादनमा विविधीकरण गर्न नसक्नु साथै सानो परिमाणमा उत्पादन हुनु नेपालको निर्यात क्षेत्रका प्रमुख समस्या हुन् ।

ग) **अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त प्रयोगशालाको अभावः** अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त प्रयोगशालाको अभावले गर्दा निर्यात गर्न सकिने वस्तुहरु पनि निर्यात हुन नसकिरहेको अवस्था छ भने भारत निकासी गर्दा क्वारेन्टिनको बहानामा निकासीजन्य वस्तुहरुको भन्सार clearing मा लामो समय लाग्ने र कृषिजन्य वस्तु विग्रेर खेर जाने गरेको छ । यसका साथै वस्तुको गुणस्तर परीक्षणको लागि ठूलो मात्रामा रकम विदेशिने गरेको छ ।

घ) **कम निर्यात प्रोत्साहन र झञ्झटिलो प्रक्रियाः** नेपाल सरकारले हाल शतप्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित १५ वटा औद्योगिक उत्पादनको कुल निर्यात मूल्यमा ५ प्रतिशत र मूल्य अभिवृद्धि कम्तिमा ३० प्रतिशत भएका अन्य १२ वटा वस्तुहरुको निर्यातमा ३ प्रतिशत अनुदान दिने गरेको छ । यो अनुदान अन्य देशको तुलनामा कम रहेको र प्रक्रिया पनि झञ्झटिलो रहेको छ ।

ङ) **उच्च ढुवानी खर्चः** सिधै बन्दरगाहसम्म पहुँच नहुनु, आफ्नो कन्टेनर ट्रक नहुनु र भईरहेको ढुवानी सेवा पनि व्यवस्थित नहुनुजस्ता कारणले नेपालको ढुवानी भाडा अन्य देशको भन्दा महँगो भएका कारण नेपालका निर्यातजन्य उत्पादनहरुको उत्पादन लागत उच्च हुने हुँदा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न गाह्रो भईरहेको छ ।

च) **सहज वित्तीय पहुँचको कमीः**झञ्झटिलोकागजी एवम् धितो मूल्याङ्कन प्रक्रियाले SMEsलाई कर्जा प्राप्तिमा समय एवम् लागत बढी लाग्छ । साथै घर जग्गालाई धितोको रुपमा लिई SMEs लाई कर्जा प्रवाह हुने गरेकोले न्यून वा कम अचल सम्पत्ति भएका उद्यमहरु कर्जा पाउनबाट बञ्चित भएकाले त्यसको प्रत्यक्ष असर वस्तु उत्पादन र निकासीमा परेको छ ।

छ) **अन्तर्राष्ट्रिय रुपमा सहज र भरपर्दो Online payment(e-commerce)को व्यवस्थाको कमीः** अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु online बाट विक्री गरेकोमा भुक्तानी प्राप्त गर्नसमस्या रहेकाले निकासीमा असर परेको छ । हालको विदेशी विनिमय नियमन ऐन २०१९ का कारण विदेशबाट सिधै अनलाईन भुक्तानी प्राप्त गर्न समस्या छ ।

ज) **नेपाल अल्पविकसित देशबाट स्तरोन्नती हुँदा निर्यातमा पर्ने प्रभावः**संयुक्त राष्ट्रसंघको महासभाले सन् २०२६ सम्ममा नेपाललाई अल्पविकसित राष्ट्रबाट मध्यमस्तरको विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने प्रस्तावलाई अनुमोदन गरिसकेको छ । सन् २०२६ पछि नेपालले हाल निर्यातमा पाइरहेको सहुलियत महशुल हट्ने भएकोले यूरोपियन यूनियनमा करिब २०.१ प्रतिशतले र चीनसँग २४.५५ प्रतिशतले व्यापारमा ह्रास आउने देखिन्छ । अन्य निर्यातमा

सहुलियत महशुल प्रदान गरिरहेका अमेरिका, अष्ट्रेलिया, क्यानडा र जापान आदि देशहरुसँगको निर्यात पनि प्रभावित हुनेछ ।

३.३. नवउत्थानका लागि सम्मेलनबाट आएका सुझावहरु :

माथि उल्लेख गरिएका चूनौतिपूर्ण अवस्थाको परिप्रेक्षमा देशको निर्यात प्रवर्द्धनका लागि राष्ट्रियस्तरमा व्यापक बहस गरी समस्या समाधानका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीति तर्जूमा गरी कार्यान्वयन गर्नु नितान्त आवश्यक छ । नेपाल सरकार र नेपाल उद्योग वाणिज्य महासंघको सहकार्यमा विभिन्न प्रकारका गोष्ठी, भेला र कार्यशालाको माध्यमबाट सार्वजनिक-निजी संवादमार्फत् पनि समस्याको समाधान नखोजिएका होइनन् तर यस प्रकारको संवादबाट दिइएका सुझाव र सिफारिश कार्यान्वयनको स्थिति भने सन्तोषजनक छैन । उद्योग र निर्यात क्षेत्रको विकाससम्बन्धी योजना र यसको कार्यान्वयनबाट अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउनका लागि सार्वजनिक-निजी नीति संवादको प्रक्रियालाई जारी राख्दै संवादबाट प्राप्त निष्कर्षलाई प्रभावकारी ढङ्गमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु नै अहिलेको प्राथमिक आवश्यकता हो ।

निर्यात प्रर्वद्धनको लागि तत्काल गर्नु पर्ने कार्यः

- निजी क्षेत्रको समेत नेतृत्वमा Nepal Trade Integration Strategy (NTIS)परिमार्जन र नयाँ रणनीति निर्माण,
- अन्तराष्ट्रिय मान्यताप्राप्त प्रयोगशालाको स्थापना,
- निर्यात प्रोत्साहन कम्तिमा १० प्रतिशत गर्ने, निकासी भएको विन्दुबाट ७ दिनभित्र सम्वन्धित उद्योग व्यवसायको बैंक खातामा अनलाइन भुक्तानी,
- पुनरकर्जाको समयावधि न्यूनतम तीन वर्ष,
- गार्मेन्ट टेक्सटाइल्सको प्रशोधन कारखाना स्थापना,
- उत्पादनमूलक उद्योगहरुलाई विद्युतीय ऊर्जामा सहुलियत,
- नेपालमा सामान लिएर आउने कन्टेनरको भाडा नेपाली आयातकर्ताले अगाडि नै तिरिसकेको हुँदा फर्किंदा खाली फर्किने भएकाले नेपालबाट निर्यात गर्ने सामानको ढुवानी भाडामा ५० प्रतिशत छुटको व्यवस्था आवश्यक। त्यसका लागि निजी क्षेत्र र सरकारवीच समन्वय आवश्यक,
- कृषि कर्जाको ब्याजदरसरह निर्यात कर्जापनि सरल र सुलभरूपमा उपलब्ध हुने व्यवस्था,
- सबै निर्यात गर्ने उद्योगहरूलाई निर्यातमा कर छुट र ड्युटी ड्र ब्याकको व्यवस्था,
- भरपर्दोरूपमा भुक्तानी प्राप्त गर्नका लागि अनलाइन भुक्तानीको व्यवस्था,

- एक्सपोर्ट क्रेडिट इन्स्योरेन्सको व्यवस्था,
- आयात र निर्यातका लागि लामो र झण्झटिलो भन्सार क्लियरेन्स प्रक्रियामा सुधार,
- कोलकाता बन्दरगाह र नेपालका सुख्खा बन्दरगाहमा नेपाली वस्तु निर्यातकर्ताका लागि केही स्थानको व्यवस्था,
- हाल कार्यान्वयनमा रहेका कानून तथा नीति, रणनीतिहरुको गम्भीरसमीक्षा,
- निर्यात उद्योगलाई देशभित्र जडिबुटी ढुवानीमा तत्कालै सहजीकरण,
- सामुहिक ट्रेडमार्कको विदेशमा दर्ता तथा नवीकरणमा सरकारको सहयोग ।

अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदाको प्रभाव न्यूनीकरण

- निजीक्षेत्रको समेत नेतृत्व र स्वामित्व रहने गरी एलडीसी स्तरोन्नतिपश्चातकोरणनीति निर्माण,
- युरोपमा जिएसपी प्लस सुविधाका लागि पहल,
- संक्रमण अवधि २०२६ पछि थप १२ वर्ष बढाउन अन्य मुलुकसँग पहल,
- युरोप, चीन र अमेरिकाजस्ता व्यापार साझेदारसँग द्विपक्षीय व्यापार सम्झौता ।

अन्य

- भारत निकासीमा समय समयमा लाग्ने गैर भन्सार अवरोधको समाधान,
- आइसीपी र आइसीडीको सिघ्र निर्माण र संचालन ।

४. पर्यटन क्षेत्र

४.१ परिचय

नेपालमा आधुनिक पर्यटन प्रवर्द्धनको शुरुवात सन् १९५० जुन ३ मा फ्रान्सका मौरिस हर्जोग र लुइस लाचेनलले अन्नपूर्णको पहिलो आरोहण गरेसँगै भएको हो । पर्यटनको आधुनिक योजना प्रथम पटक फ्रान्सेली नागरिक जर्ज लेब्रेकले सन् १९५९ मा निर्माण गरेका थिए जसलाई 'नेपालको पर्यटन सँगठनको लागि सामान्य योजना' भनिन्छ । पर्यटन प्रवर्द्धनका लागि आवश्यक संस्थागत सुरुवात भने सन् १९५७ मा पर्यटन विकास बोर्डको स्थापनासँगै भयो । पर्यटन विभागले पहिलो पटक सन् १९६२ मा नेपाल आउने विदेशी पर्यटकको तथ्याङ्क सङ्कलन गर्न थालेको हो । सन् १९६९ मा नेपाल पर्यटन विकास समिति गठन गरिएको थियो ।

४.२ विद्यमान अवस्था

कोभिड महामारीको सबैभन्दा धेरै असर पर्यटन क्षेत्रमा परेको छ । आर्थिक वर्ष २०७६।७७ मा यस क्षेत्रको वृद्धिदर १६ प्रतिशतले नकारात्मक हुनुले यसमा भएको क्षतिको अनुमान गर्न सकिन्छ । यो क्षेत्र अहिले केही उठ्ने प्रयास गरिरहेको छ तर वाह्य पर्यटनमा कुनै सुधार हुन सकेको छैन जसका कारण पर्यटन क्षेत्रमा आश्रितकरिब ३ लाख ७० हजार श्रमशक्तिको रोजगारी संकटमा परेको छ । पर्यटन क्षेत्रको सुधारका लागि निम्न उपाय अबलम्बन गर्नुपर्ने देखिन्छ ।

अन्तिम सत्र पर्यटन तथा मनोरन्जन क्षेत्र प्रवर्द्धनमा बरिष्ठ उपाध्यक्ष चन्द्र ढकालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । पर्यटन सचिव महेश्वर न्यौपाने र होटल संघ सदस्य विधाता श्रेष्ठले आ आफ्नो धारणा राख्नु भएको थियो ।

४.३ पर्यटन क्षेत्रको नवउत्थानको लागि सम्मेलनबाट आएका सुझावहरुः

- पर्यटकीय साङ्लो (चेन)भित्र पर्ने सबैले खोप लगाइसकेको जानकारीको प्रचारप्रसार,
- अध्यागमन, भन्सार र अन्य सेवासहित विमानस्थलको पूर्वाधार एवं कार्यरत कर्मचारीहरुको व्यवहारमा सुधार,

- विमानस्थलमा लिफ्ट, एस्केलेटर, पार्किङ, पूर्वाधारसँगै चुस्तदुरुस्त ट्याक्सी सेवा,
- आवश्यकता नभएको सिसिएमसी फर्म भर्नुपर्ने व्यवस्था खारेजी,
- नेपालबारे एकद्धार सूचना प्रणाली स्थापना (सूचनामा एकरुपता),
- कोभिड रेड लिस्टबाट हटाउन निरन्तर कुटनीतिक पहल,
- वैज्ञानिक क्वारेन्टाइन विधि र समयको व्यवस्था,
- विदेशी पर्यटक आकर्षित गर्ने खालका विशेष नेपाल प्याकेज बनाई डिजिटल मार्केटिङ,
- कोभिडको प्रभावअनुसार दिन सकिने सेवाको पहिचान र सञ्चालन,
- भारत, चीन, युरोप, एशिया प्यासेफिकमा देशहरुमा वायुसेवा विस्तार,
- सन् २०२२ पुनरोत्थान वर्ष र २०२४ लाई नेपाल भ्रमण वर्ष घोषणा
- पर्यटकलाई अन अराइभल भिसा,
- लक्जरी पर्यटनको विकास र प्रवर्द्धन
- सरकारी कर्मचारीलाई १० दिन अनिवार्य विदा दिर्ने कार्यविधि कार्यान्वयन एवम् सातामा दुइ दिन विदा,
- नेपाललाई दक्षिण एसियाको MICEपर्यटनको हबको रुपमा विकास।

४.४ पर्यटन पूर्वाधार

- लुम्बिनी र पोखरा अन्तरराष्ट्रिय विमानस्थलको संचालन,
- पर्यटक गन्तव्यस्थल र पूर्वाधार निर्माणमा निजी क्षेत्रको संलग्नता,
- पर्यटकीय पूर्वाधार निर्माणमा विदेशी लगानी सहजीकरण,
- पूर्वाधार निर्माणमा पर्यटन, वन, अर्थ एवम् अन्य सरकारी निकायबीच समन्वय,
- पर्यटकीयक गन्तव्य र पूर्वाधारमा सहज बाटो, बिजुलीलगायत पूर्वाधार निर्माण,
- ठूला पूर्वाधार र गन्तव्य निर्माणमा केन्द्र, प्रदेश र स्थानीय तहबीच समन्वयात्मक संरचना निर्माण,
- राहत कर्जाको निरन्तरता ।

○ होटल, वायुसेवा कम्पनीलगायतक्षेत्रका लागि उपलब्ध २० करोड रुपैयाँको पुनर्कर्जा सीमा ५०करोड रुपैयाँ पुऱ्याउने तथा व्यवसाय निरन्तरता कर्जा सहजरुपमा उपलब्ध हुनुपर्ने ।



५ मनोरञ्जन क्षेत्रः

५.१ परिचयः

चलचित्र तथा मनोरञ्जन क्षेत्र नेपाली कला संस्कृतिसँग प्रत्यक्षरुपमा जोडिएको क्षेत्र हो । झण्डै सात दशक (सन् १९५१ मा भारतमा निर्माण भएको नेपाली चलचित्र हरिश्चन्द्र र सन् १९६४ मा नेपाली भूमिमै निर्माण भएको आमालाई लिंदा) को गौरवपूर्ण इतिहास नेपाली चलचित्र उद्योगको छ भने गीतसंगीतको पनि दशकौं लामो इतिहास छ । यी दुई क्षेत्रस्वदेशी एवम् विदेशी लगानी आकर्षित गर्ने र नेपाली, कला संस्कृति मात्र नभएर देशलाई विश्वसामु चिनाउने सशक्त माध्यम पनि हुन् । चलचित्र मनोरञ्जन मात्र नभएर कला, संकृति, भाषा, साहित्यको सम्वाहक र पर्यटन प्रवर्द्धनको दरिलो माध्यम पनि हो ।

५.२ कोभिड र चलचित्र एवम् मनोरञ्जन उद्योगः

कोभिड संक्रमण रोकथामका लागि सरकारले २०७६ चैत्र ११ देखि बन्दाबन्दी लगाएपछि चलचित्र निर्माण, वितरण तथा प्रदर्शन व्यवसाय धराशयी बन्यो । यससँग जोडिएका निर्माण, प्रदर्शन, वितरण, प्राविधिक, स्रष्टा, सर्जक, गीतसंगीतलगायत सम्पूर्ण क्षेत्र प्रभावित भए । वार्षिक ११० देखि १२० को हाराहारीमा निर्माण हुने नेपाली चलचित्र र सोही संख्यामा विदेशी चलचित्रहरूको छायाँकन हुने गरेकोमा ती गतिविधि अहिलेसम्म ठप्प छन् । चलचित्र उद्योग एवम् व्यवसायमा अर्बौंको लगानी रहेको छ भने पचासौं हजारको संख्यामा जनशक्ति कार्यरत छ । कोभिडले दुई वर्षसम्म ठप्प पारेपछि संक्रमणमा केही शिथिलता आएसँगै विस्तारै यो क्षेत्र पनि जुर्मुराउने तरखरमा छ ।

प्रदर्शनको तयारीमा रहेका ३५ सिनेमा, छायांकन समाप्त गरी पोष्ट-प्रडक्शनमा रहेका २२ सिनेमा र केहि प्रतिशत छायांकन गरी अड्किएका २५ सिनेमा गरी ८२ सिनेमा कोभिड महामारीबाट प्रत्यक्ष प्रभावित भए । भुकम्पबाट नोक्सानी भएका भौतिक संरचनाको निर्माण सकेर सामान्य अवस्थामा फर्केर लय समात्दै गर्दा कोभिडको महामारीले यो व्यवसाय नै ठप्प पारिदियो ।समग्रमा यसबाट यस क्षेत्रमा जोडिएका सबै पक्षको आर्थिक अवस्था अत्यन्त पीडादायक रह्यो ।

५.३ नवउत्थानका उपायहरु :

तत्काल गर्नुपर्नेः

क) चलचित्र निर्माणमा परियोजना धितो कर्जाः

राष्ट्रिय प्रथामिकताप्राप्त उद्योग मानिएको चलचित्र निर्माणमा वार्षिक झण्डै रु. २ अर्ब ५० करोड लगानी रहेको छ । कोभिड–१९ बाट प्रत्यक्ष मारमा परेको यस उद्योगलाई पुनः चलायमान गराउन राज्यले चलचित्र निर्माण परियोजना कर्जा (Project Loan) को ब्यवस्था गर्नुपर्दछ । कम्पनी ऐनअन्तर्गत दर्ता रहेको कम्पनीले परियोजना वीमा (Project Insurance) सहित ५० प्रतिशत लगानी सोही बैंकमा जम्मा गरी चलचित्र निर्माण प्रोजेक्ट अगाडि बढाएको खण्डमा बाँकीको ५० प्रतिशतका लागि सहुलियत ५ प्रतिशत ब्याजदरमा सुलभ बैंक कर्जा लिन सकिने ब्यवस्था मिलाउनु पर्छ ।

ख) अन्तर्राष्ट्रिय बजारमा नेपाली चलचित्र महोत्सवः

विश्वभर छरिएर रहेका नेपाली दूतावास तथा वाणिज्यदूतमार्फत विदेशमा नेपाली चलचित्र महोत्सव वा विशेष प्रदर्शन आयोजना गरी स्वदेशी, मौलिक नेपाली चलचित्रको बजार प्रवर्द्धन गर्न सकिन्छ ।

ग) कर छुटको व्यवस्थाः

स्वदेशी चलचित्रको टिकटमा लाग्ने अतिरिक्त मूल्य अभिवृद्धि कर, स्थानीय कर, मनोरञ्जन करलगायत अन्य सम्पूर्ण करहरू कम्तिमा आगामी ५ वर्षसम्मका लागि छुटहुनुपर्छ ।

घ) पुनरकर्जाः

पुनःव्यवसाय सञ्चालन गर्नका लागि चलचित्र निर्माता, वितरक तथा चलचित्र घरले लिएको कुल कर्जा (चालु पूँजी) रकममा २० प्रतिशत रकम पुनःकर्जाका लागि तीन वर्षको समयावधी हुनुपर्छ र सो पूनरकर्जा रकममा ३ प्रतिशत ब्याजदर कायम हुनुपर्दछ । चलचित्र घरले लिएको बैंक ऋणको ब्याजदर तीन वर्षसम्मका लागि Base Rate मा कायम हुनुपर्दछ ।

ङ) कोभिड-१९ पछि चलचित्र छायाङ्कनमा फर्किनः

चलचित्र विकास बोर्डमा निर्माताले स्वयम् घोषणा गरेको चलचित्र निर्माण बजेट रकमको २० प्रतिशत रकमसरकारले बोर्डमार्फत निर्मातालाई अनुदान सहयोगको रुपमा उपलब्ध गराउनु पर्छ । जम्मा दुई वर्षका निमित्त यो सहयोग उपलब्ध भएको खण्डमा चलचित्र निर्माणको

अवधिमा हुने जोखिमलाई पन्छाउन मद्दत पुग्ने हुँदा चलचित्र निर्माण गर्ने, गराउने वातावरण सिर्जना हुनेछ ।

च) पर्यटन प्रवर्द्धनमा सिनेमाको भूमिकाः

सरकारका सम्बन्धित निकायबाट पर्यटकीय दृष्टिकोणबाट उत्कृष्ट गन्तव्य रहेको स्थानमा नेपाली सिनेमाको छायांकन गर्दा उचित आर्थिक सहयोग वा छुट सुविधा प्रदान गरिनु पर्दछ । यसका लागि सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच समन्वय यस क्षेत्रले खोजेको छ ।

छ) स्वदेशी चलचित्रमा विकास शुल्कः

स्वदेशी चलचित्रको टिकट दरमा प्रतिटिकट २० प्रतिशतका दरले थप गरी चलचित्र विकास शुल्क लगाउनु पर्ने ।

ज) Virtual Print Cost (VPC) को समस्याः

चलचित्र विकास बोर्डले मेशिन जडान गरेर वा अरु कुनै विधिले खुल्ला प्रतिस्पर्धाबाट कुनै पनि नेपाल सरकारमा दर्ता रहेको कम्पनीबाट निर्माताले न्यूनतम शुल्कमा (KDM) License प्राप्त गरी Encoding सेवा उपलब्ध गराउने तथा चलचित्र प्रदर्शन गर्न, गराउन सक्ने र VPC को आर्थिक भारबाट निर्मातालाई छुट्कारा दिलाउने व्यवस्था गरिनुपर्छ ।

झ) प्रतिलिपी अधिकार र रोयल्टी संकलनः

प्रतिलिपि अधिकार र रोयल्टी संकलन गर्ने सम्बन्धी ऐन कानूनलाई समयअनुरुप परिमार्जन गर्नुपर्छ ।

ञ) दक्ष जनशक्ति विकासः

लामो समय यो क्षेत्र बन्द रहँदा यसमा काम गर्ने ठूलो जनशक्ति अन्य पेशा व्यवसायमा पलायन भएको अवस्था छ ।सरकारका तर्फबाट जनशक्ति विकासमा सहयोग आवश्यक छ । त्यसका लागि चलचित्र विकास बोर्ड, चलचित्र र मनोरञ्जन क्षेत्रमा कार्य गरिरहेका विभिन्न संघसंस्थाहरु मार्फत जनशक्ति विकासको कार्य अविलम्ब थाल्नुपर्ने देखिन्छ ।

ट) **Indoor and Outdoor Studio:**

काठमाडौं उपत्यका र आसपासमा सुविधा सम्पन्न Indoor and Outdoor Studioयथाशक्य चाँडो बनाउनु पर्ने देखिन्छ । करिब७-८ वटा ठूला ठूला भवन मात्र बन्न सके भने इन्डोर सेट लगाएर सिनेमा बनाउन सकिन्छ । यसले मात्र सिनेमाको स्तरोन्नतीमा टेवा पुग्न सक्छ ।

दीर्घकालीन सहयोग:

क) **Server–Hub को व्यवस्था:**

नेपाली गीतसंगीतको चोरी नियन्त्रण गरी रोयल्टी संकलनलाई चुस्त र प्रभावकारी बनाउँदै त्यसको वितरणलाई समेत पारदर्शी बनाई समग्रमा नेपाली गीतसंगीत क्षेत्रको प्रवर्द्धनमा सहयोग पुऱ्याउन सरकारले डाटा सेन्टर (Server–Hub) स्थापना गर्नुपर्छ । यसले समग्रमा नेपाली सिनेमा, कलाकार, स्रष्टा, सर्जकको अधिकार सुनिश्चित गर्नुका साथै समग्रमा यस क्षेत्रको पुनरुत्थानमा सहयोग पुऱ्याउने छ ।

ख) **चलचित्र लगानी कोष स्थापना:**

कोभिडबाट चलचित्र र यस क्षेत्रसँग सम्बन्धित पेशा व्यवसायमा ठूलो असर परेको छ । यस किसिमको विषम परिस्थितिमा यस क्षेत्रलाई अगाडी बढाउन अब राज्यले दिने सहयोग मात्र पर्याप्त हुने देखिएन । नेपाली चलचित्र उद्योगलाई अगाडि बढाउन चलचित्र लगानी कोषको अवधारणा ल्याउनै पर्छ । यसमा सरकारको सहयोग यस क्षेत्रले खोजेको छ ।

नवउत्थान सम्मेलनको निष्कर्ष

कोभिड महामारीपछिको बदलिंदो परिस्थितिमा तीब्र र दीगो आर्थिकवृद्धिका लागि गरिनुपर्ने नीतिगत व्यवस्था तथा व्यवहारिक उपायसम्बन्धी छलफल गरी त्यसबारे साझा धारणा बनाउनमहासंघले नवउत्थान सम्मेलनको आयोजना गरेको हो । कोभिडबाटअति प्रभावित क्षेत्रहरु विशेष गरी तरलता अभावका कारण बढेको पुँजीको लागत, लघु घरेलु उद्यम, निर्यात तथा पर्यटनका विषयमा केन्द्रित रही कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा २५० भन्दा बढी उद्योगी व्यवसायीहरुको उत्साहजनक र कौतुहलपूर्ण सहभागिता रहेको थियो ।

सम्मेलनको पहिलो सत्रमा तरलतासम्बन्धी विद्यमान समस्या र त्यसको व्यवस्थापन बारे छलफल गरिएको थियो । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर डा. निलम ढुंगानाले कार्यक्रमको अध्यक्षता गर्नुभएको थियो भने नेपाल बैंकर्स संघका अध्यक्ष श्री अनिल उपाध्यायले तरलतासम्बन्धी विद्यमान अवस्था प्रस्तुत गर्नुभएको थियो । महासंघका उपाध्यक्ष अञ्जन श्रेष्ठले यससम्बन्धमा विस्तृत प्रस्तुति दिनुभएको थियो ।

सम्मेलनको दोश्रो सत्रमा लघु, घरेलु तथा साना उद्यमको नवउत्थानसम्बन्धी छलफल गरियो । यस सत्रको अध्यक्षता उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री अर्जुन पोखरेलले गर्नुभएको थियो । उद्यमी श्यामवदन श्रेष्ठले MSMEs ले भोग्दै आएका समस्याबारे अनुभव व्यक्त गर्नुभयो । महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले MSMEs ले भोग्नु परेका समस्या र समाधानका सम्भावित उपाय सम्बन्धमा प्रस्तुति दिनुभएको थियो ।

तेस्रो सत्र निर्यात प्रवर्द्धन विषयमा सञ्चालन गरिएको थियो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री दिनेश भट्टराइले यो सत्रको अध्यक्षता गर्नुभयो । निर्यात व्यवसायी सुनिता शेर्पाले निर्यातसम्बन्धी आफनो अनुभव सुनाउनु भएकोथियो । यस सत्रमा महासंघका उपाध्यक्ष रामचन्द्र संघईले निर्यात प्रवर्द्धन तथा एलडिसि स्तरोन्नति सम्बन्धमा प्रस्तुति दिनुभएको थियो ।

चौथो तथा अन्तिम सत्र पर्यटन तथा मनोरञ्जन क्षेत्रको पुनरुत्थान विषयमा थियो । यस सत्रको अध्यक्षता पर्यटन सचिव श्री महेश्वर न्यौपानेले गर्नुभएको थियो । महासंघका बरिष्ठ उपाध्यक्ष चन्द्र ढकालले कार्यपत्र प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा दयाराम दहाल र पर्यटन उद्यमी विधाता श्रेष्ठले आआफ्नो धारणा राख्नु भयो ।

दिनभर सञ्चालित विषयगत सत्रको छलफलबाट आएका सुझावहरुको प्रारम्भिक प्रतिवेदन संकलन गरेर सोही दिन समापन सत्रमा प्रस्तुत गरिएको थियो । समापन सत्रमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्व पौडेल तथा अर्थसचिव श्री मधु मरासिनीसमक्ष उक्त प्रारम्भिक प्रतिवेदन हस्तान्तरण समेत गरिएको थियो । उद्घाटन सत्रलगायत हरेक सत्रबाट आएका नवउत्थान सम्बन्धी सुझावलाई सम्बन्धित सरकारी निकायले मार्गदर्शनका रुपमा लिई आगामी नीति तथा योजनामा समावेश गर्ने प्रतिवद्धता प्राप्त भएको छ । उक्त सुझावहरु कार्यान्वयनका लागि महासंघले निरन्तररुपमा सम्बन्धित निकायहरुलाई झकझाइरहनेछ ।

समापन सत्रका अतिथिहरु राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्व पौडेल तथा अर्थसचिव श्री मधु मरासिनी, साथमा महासंघका वरिष्ठ उपाध्यक्षश्री चन्द्र प्रसाद ढकाल

अनुसूचि

नव उत्थान सम्मेलन

(बदलिंदो परिस्थितिमा तीब्र र दिगो आर्थिक बृद्धिको बहस)

२९मंसीर २०७८, नेपाल उद्योग वाणिज्य महासंघ ।

कार्यक्रम तालिका

समय	गतिविधिहरु
विहान ९:०० -९:३०	रजिस्ट्रेशन: चिया, कफी
विहान ९:३० -१०:१५	**उद्घाटन सत्रः** **स्वागत मन्तव्यः**श्री शेखर गोल्छा, अध्यक्ष, ने.उ.वा.महासंघ ● अति कम बिकसित मुलुकबाट स्तरोन्नति हुंदा अबलम्बन गनुपर्ने विषयमा महासंघद्वारा तयार अध्ययन प्रतिवेदन सार्वजनिक **मन्तव्यः** ● डा. रिचर्ड हावर्ड, निर्देशक, ILO नेपाल ● माननीय श्री जनार्दन शर्मा, अर्थमन्त्री **धन्यवाद मन्तव्यः** श्री चन्द्रप्रसाद ढकाल, वरिष्ठ उपाध्यक्ष, ने.उ.वा.महासंघ
विहान १०:१५ - ११:३०	**पहिलो सत्रः तरलता व्यवस्थापन** ● डा. निलम ढुंगाना, डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक (अध्यक्षता) ● श्री अन्जन श्रेष्ठ, उपाध्यक्ष, ने.उ.वा.महासंघ ● श्री अनिल उपाध्याय, अध्यक्ष, नेपाल बैंकर्श एशोसिएशन **सहजकर्ताः**श्री जनार्दन बराल, अध्यक्ष, नेपाल आर्थिक पत्रकार समाज
विहान ११:३० -११:४५	**चिया, कफी**
विहान ११:४५ - अपरान्ह १:००	**दोस्रो सत्रः लघु,घरेलु तथा साना उद्योग (MSME) प्रवर्द्धन** ● श्री अर्जुन पोखरेल, सचिव, (उद्योग) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (अध्यक्षता) ● श्री दिनेश श्रेष्ठ, उपाध्यक्ष, ने.उ.वा.महासंघ ● विशेषज्ञ ILO जेनेभा ● श्री श्यामवदन श्रेष्ठ, उद्यमी **सहजकर्ताः**श्री मोदनाथ ढकाल, अध्यक्ष, नेपाल आर्थिक पत्रकार संघ
अपरान्ह १:०० - २:००	**दिवा भोज**
अपरान्ह २:०० - ३:००	**तेस्रो सत्रः निर्यात प्रवर्द्धन** ● श्री दिनेश भट्टराई, सचिव, (वाणिज्य) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (अध्यक्षता) ● श्री रामचन्द्र सांघाई, उपाध्यक्ष, ने.उ.वा.महासंघ ● श्री सुनिता शेर्पा, उद्यमी (निर्यातकर्ता) **सहजकर्ता :** डा. पुष्प शर्मा, पूर्व कार्यकारी निर्देशक, SAWTEE

साँझ ३:०० - ४:४५	**चौथो सत्र : पर्यटन र मनोरन्जन क्षेत्रको पुनरुत्थान** ● श्री महेश्वर न्यौपाने, सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (अध्यक्षता) ● श्री चन्द्रप्रसाद ढकाल, वरिष्ठ उपाध्यक्ष, ने.उ.वा.महासंघ ● श्री विधाता श्रेष्ठ, सदस्य, होटल संघ नेपाल ● श्री निर शाह, कलाकार/निर्देशक **सहजकर्ता:**श्री दीपकराज जोशी, पूर्व सीईओ, नेपाल पर्यटन बोर्ड
साँझ ४:४५- ५:००	**चिया कफी**
साँझ ५:००- ५:४५	**समापन सत्र:** **सम्मेलनको निष्कर्ष प्रस्तुती:**श्री शेखर गोल्छा, अध्यक्ष, नेउवामहासंघ **मन्तव्य:** ● श्री मधु मरासिनी, सचिव, अर्थ मन्त्रालय ● डा विश्व पौडेल, उपाध्यक्ष, राष्ट्रिय योजना आयोग **धन्यवाद मन्तव्य:**श्री चन्द्र प्रसाद ढकाल, वरिष्ठ उपाध्यक्ष, नेउवामहासंघ